रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

च.नं. ०३२३ मिति २०७८।०१।१२
प.सं. २०७७।०७८

## विषय : कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय, सबै ।
रिब्दीकोट गाउँपालिका, पाल्पा

प्रस्तुत विषयमा भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति, पाल्पाको च.नं. २६, मिति २०७८।०१।०६ को पत्रानुसार रिब्दीकोट गाउँपालिका अन्तर्गतका वडाहरुमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले भूमि सम्बन्धी समस्या समाधान आयोग केन्द्रिय कार्यालय, ल्हाहाचल काठमाडौंको मिति २०७८।०१।०५ मा गोरखापत्र दैनिक पत्रिकाको प्रकाशित सूचना अनुसार यस पालिकाबाट लगत संकलनमा खटाइएका संकलनकर्तामार्फत नियमानुसार तथ्यांक संकलन कार्यक्रम कार्यान्वयन गर्नुहुन अनुरोध छ । साथै लाभग्राहीको लागि आवश्यक आधारभुत विवरणहरु निम्नानुसार हुने र यसबाहेक थप जानकारीको लागि कार्यालयबाट इमेल मार्फत पठाइएको कार्यविधि र अन्य कागजातको आधारमा कार्य अगाडि बढाउनु हुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

१. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य) ।
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ थान (पति र पत्नी दुवैको) ।
३. सम्वन्धीत वडाको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी हो भनी गरिएको वडाको सिफारिश पत्र र अव्यवस्थित बसोबासीको हकमा माग गरेको जग्गामा कम्तीमा १० वर्ष देखि भोगचलन गर्दै आएको वडाको सिफारिश पत्र ।
४.भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको हकमा सरकारी जग्गा उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपि ।
५.आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्बन्धीत स्थानीय तहले सम्पत्ति कर प्रयोग प्रयोजनको लागि निर्धारण गरेको मूल्यांकन सम्बन्धी स्थानीय तहको पत्र ।

.........................
मणि प्रसाद खनाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत